श्री निर्वाचन आयोग नेपाल ☎०४१-४२५१९६

# प्रदेश निर्वाचन कार्यालय
## मधेश प्रदेश, जनकपुरधाम

पत्र संख्या : ०७९/८०
चलानी नं. : १६०

मिति : २०८०/०१/०५

विषय : सूचना टाँस सम्बन्धमा ।

श्री स्थानीय तह सबै (१८),
धनुषा ।

उपरोक्त सम्बन्धमा मिति २०७९ मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवारी दिई खर्चको विवरण तोकिएको समयमा बुझाउने उम्मेदवारहरुले ७ (सात) दिनभित्र खर्चको विवरण सार्वजनिक गरी सार्वजनिक गरेको जानकारी (मुचुल्का) आफू उम्मेदवार भएको जिल्लाको निर्वाचन कार्यालयमा पेश गर्ने र तोकिएको समयमा खर्चको विवरण नबुझाउने उम्मेदवारहरुले आफ्नो सफाई सहितको स्पष्टीकरण ७(सात) दिनभित्र निर्वाचन कार्यालयमा वा आयोगमा पेश गर्ने सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीको लागि त्यहाँ कार्यालयको सूचनापाटीमा टाँस गरिदिनुहुन अनुरोध छ । साथै प्रदेश निर्वाचन कार्यालय, मधेश प्रदेश, जनकपुरधामको सूचना पाना २ (दुई) यसै साथ संलग्न छ ।

..............................
(कृष्ण चन्द्र राउत)
प्रि. प्रदेश निर्वाचन अधिकारी


जनकपुरधाम, धनुषा, नेपाल, फोन र फ्याक्स नं. ०४१-४२५१९६
E-mail – deo.dhanusa@election.gov.np Facebook Page: peomp.janakpurdham

# निर्वाचन आयोग, नेपाल

## संवत् २०७९ साल मङ्सिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३५ (पैंतीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति २०८०।१।६**

संवत् २०७९ साल मङ्सिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम ७ (सात) दिनभित्र सार्वजनिक गरी त्यस्तो निर्वाचन खर्चको विवरण सार्वजनिक गरेको मितिले ७ (सात) दिनभित्र सोको लिखित जानकारी सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा (प्रदेश कार्यालय रहेको जिल्लाको हकमा प्रदेश कार्यालयमा) पेस गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । निर्वाचन खर्चको विवरण सार्वजनिक नगर्ने तथा निर्वाचन खर्चको विवरण सार्वजनिक गरी त्यस्तो सार्वजनिक गरेको विवरणको लिखित जानकारी प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा नदिने उम्मेदवारहरूको हकमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

साथै निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूको नाम नामेशी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np, सम्वन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पाटी र वेबसाइटमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

# निर्वाचन आयोग, नेपाल

## संवत् २०७९ साल मङ्सिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३५ (पैँतीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरूले ७ (सात) दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेस गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशन मिति : २०८०।१।६

संवत् २०७९ साल मङ्सिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण राजनीतिक दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ (पैँतीस) दिनभित्र आयोग वा आयोगले तोकेको कार्यालय समक्ष पेस गर्नु पर्ने कानूनी रहेको छ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा उम्मेदवारी दिई संघीय कानूनले तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने तपसिल बमोजिमका उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र आफू उम्मेदवार भएको जिल्लाको प्रदेश/जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

साथै निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भइसकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूको नाम नामेशी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np, सम्बन्धित प्रदेश/जिल्ला निर्वाचन कार्यालयको वेबसाइट र तत् तत् कार्यालयको सूचना पाटीमा समेत हेर्न सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

### तपसिल

#### प्रतिनिधि सभा सदस्य निर्वाचनतर्फ निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरूको विवरण:-

| क्र.सं. | जिल्ला | प्रतिनिधि सभा | उम्मेदवारको नाम,थर | मतदाता नं. | राजनीतिक दल/स्वतन्त्र | लिङ्ग |
|---|---|---|---|---|---|---|
| १ | धनुषा | निर्वाचन क्षेत्र नं. २ | रुप नारायण मंडल, केवट | १११०३४६६ | जनता प्रगतिशील पार्टी, नेपाल | पुरुष |
| २ | धनुषा | निर्वाचन क्षेत्र नं. ३ | अजय कुमार यादव | १११९७१९२ | स्वतन्त्र | पुरुष |

#### प्रदेश सभा सदस्य निर्वाचनतर्फ निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरूको विवरण:-

| क्र.सं. | जिल्ला | प्रतिनिधि सभा | प्रदेश सभा | उम्मेदवारको नाम, थर | मतदाता नं. | राजनीतिक दल/स्वतन्त्र | लिङ्ग |
|---|---|---|---|---|---|---|---|
| १ | धनुषा | निर्वाचन क्षेत्र नं. १ | निर्वाचन क्षेत्र नं. १ | जगदिश यादव | ११८१९२७७ | स्वतन्त्र | पुरुष |
| २ | धनुषा | निर्वाचन क्षेत्र नं. २ | निर्वाचन क्षेत्र नं. २ | राज कुमार मण्डल | ०६८१०९६१ | राष्ट्रिय प्रजातन्त्र पार्टी | पुरुष |
| ३ | धनुषा | निर्वाचन क्षेत्र नं. २ | निर्वाचन क्षेत्र नं. २ | राज कुमार सहनी | १३६४८३६४ | पिछडा वर्ग निषाद दलित जनजाति पार्टी | पुरुष |
| ४ | धनुषा | निर्वाचन क्षेत्र नं. २ | निर्वाचन क्षेत्र नं. २ | कासिन्द्र यादव | ११७०७३४४ | स्वतन्त्र | पुरुष |
| ५ | धनुषा | निर्वाचन क्षेत्र नं. ३ | निर्वाचन क्षेत्र नं. २ | बाल मुकुन्द कुमार कर्ण | २०४५७९८ | स्वतन्त्र | पुरुष |